आज मिति २०७६ साल ~~फाल्गुन~~ चैत्र १८ गते यस बारेकोट गाउँपालिका गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितीमा बसी विभिन्न प्रस्तवहरुमा व्यापक छलफल गरि आवश्यक निर्णयहरु गरियो ।

**उपस्थिती**

| क.सं. | पद | हस्ताक्षर |
| --- | --- | --- |
| १.श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २.श्री ओमा शाही | उपाध्यक्ष | |
| ३.श्री अर्जविर सिंह | कार्यपालिका सदस्य | |
| ४.श्री लालभक्त सिंह | कार्यपालिका सदस्य | |
| ५.श्री मन बहादुर शाही | कार्यपालिका सदस्य | |
| ६.श्री सिर्जना बस्नेत | कार्यपालिका सदस्य | |
| ७.श्री कर्णे कामी | कार्यपालिका सदस्य | |
| ८.श्री बसन्त शाही | कार्यपालिका सदस्य | |
| ९.श्री शशीराम गौतम | कार्यपालिका सदस्य | |
| १०.श्री द्धारिका प्रसाद बुढा | कार्यपालिका सदस्य | |
| ११.श्री तिले महतारा | कार्यपालिका सदस्य | |
| १२.श्री धर्नाविर कामी | कार्यपालिका सदस्य | |
| १३ श्री ऐन बहादुर परियार | कार्यपालिका सदस्य | |
| १४.श्री ममिता पुन (घर्ती) | कार्यपालिका सदस्य | |
| १५.श्री शिला सार्की | कार्यपालिका सदस्य | |
| १६.श्री सुन्दरी सार्की | कार्यपालिका सदस्य | |
| १७.श्री देउमा बुढा | कार्यपालिका सदस्य | देउमा |
| १८.श्री गोविन्द बहादुर सिंह | सदस्य सचिव गा.का.पा. | |

बारेकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

*बारेकोट गाउँपालिका, गाउँकार्यपालकाको बैठक*
*२०७६ चैत्र १८*
*गते*

**निर्णयहरु**
विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को महामारीका कारण देश तथा विदेशको जनजीवन प्रभावित भैरहेको अवस्थामा यस बारेकोट गाउँपालिका, गाउँकार्यपालिकाको बसेको बैठकबाट तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

१. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को महामारीका कारण देश तथा विदेशको जनजीवन प्रभावित भैरहेको अवस्थामा यस बारेकोट गाउँपालिका भित्र अर्को सूचना जारी नभएसम्म मान्छेहरुको सार्वजनिक भेला हुने स्थानीय मेला, चैते दशै पर्व, जात्रा, विद्यालय तथा संघ संस्थाहरुको वार्षिक उत्सव, जन्मदिन, राजनीतिक सभा, र्‍याली, जुलुस जस्ता कार्यहरु नगर्न तथा नगराउन सार्वजनिक सूचना गर्ने तथा कोरोना भाइरस बारे जनचेतना प्रवाह गर्नका लागि नेपाल प्रहरीको सहयोगमा यसपालिका भित्रका सार्वजनिक स्थानहरुमा पुगी माइकिङ गर्ने निर्णय गरियो ।

२. भगवती आधारभूत विद्यालय, बारेकोट गाउँपालिका वडा नं. ८ लैखम र बारेकोट गाउँपालिका वडा नं. १ दोबाटा संचालनमा रहेका हेल्थ डेस्कहरुलाई बारेकाट गाउँपालिका भन्दा बाहिरबाट आउने सर्वसाधारणहरुको स्वास्थ्य चेकजाँचलाई थप प्रभावकारी बनाउने र बारेकोट १ सिर्पाचौर र बारेकोट ४ दहमा थप हेल्प डेस्क संचालनका गर्ने निर्णय गरियो ।

३. कोरोना भाईरसको सम्भावित महामारीको जोखिमलाई ध्यान दिँदै यस गाउँपालिकामा कोरोनो भाइरस रोकथाम तथा नियन्त्रणका लागि नियमाअनुसार खर्च हनेगर्री रु २० लाखको ( अक्षरुपी बिस लाख रुपैया मात्र ) **कोरोनो भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणक विपद व्यवस्थापन कोष ( २०७६)** **खडा** गर्ने निर्णय गरीयो । उक्त कोषबाट तपसिलका शिर्षकहरुमा खर्च गर्न मिल्ने समेत निर्णय गरीयो ।

- संक्रमित बिरामीहरुको पहिचान भएमा उद्धार तथा औषधि उपचारमा,
- क्वारेन्टाइनमा राख्न् पर्ने व्यक्तिहरु, स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरुको खाना, खर्च औषधी उपचारमा,
- हेल्पडेस्कमा तथा जनचेतना मुलक कार्यक्रममा खटेका सुरक्षाकर्मी तथा स्वास्थ्यकमीहरुको खाना खर्च तथा औषधी उपचारमा ,
- कोरोना भाईरसको सम्भावित महामारीको जोखिमलाइ न्यूनिकरण गर्न अहोरात्र खटेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरुलाई संघिय सरकार र प्रदेश सरकारले सुरक्षाका लागि सुरक्षा बिमा र थप प्रोत्साहन भत्ता उपलब्धताको निर्णय गरीसकेको सर्न्दभमा यस पालिकाको तर्फबाट समेत नियमअनसरा दोहोरो नपर्ने गरी लकडाउन लागुभएको मिति देखि लकडाउन फुकुवाभएको दिन सम्मलाई कायमहुनेगरी सुरक्षाकर्मी तथा स्वास्थ्यकमीहरु कार्यालय सहयोगी समेत तथा पालिकाको कार्यालयमा उक्त अबधिभर नियमित खट्ने बढिमा ५ जना कर्मचारी र वडाकार्यालयमा खट्ने बँढिमा १ जना

कार्यलय सहयोगि समेतलाई तह र श्रेणी अनुसार प्रतिदिन प्राप्त गर्ने पारीश्रमिकको ५० प्रतिशत दैनिक प्रोत्साहन बापतको भत्ता उपलब्ध गराउन सक्नेमा,

- कोरोना भाईरसको सम्भावित महामारीको जोखिमलाइ न्यूनिकरण गर्न अहोरात्र खटेका वडा अध्यक्ष तथा वडा सदस्य समेतलाई निर्णय भएको मिति देखि लागुहुनेगरी लगडाउन समाप्त भएको मिति सम्म कायम रहने गरी उक्त कार्यमा खटेको पुष्टयाईका आधारमा प्रति दिन रु ५०० । ( अक्षरुपी पाँच सय रुपैयामात्र ) उपलबध गराउन सक्ने ,
- सबै वडा कार्यलयहरुमा जनचेतनामुलक कार्यक्रम संचाल , प्रचार प्रसार तथा सचेतनामुलक कार्यक्रम संचालका लागि प्रति वडा कार्यलयमा रु ५० हजारका दरले चालु खर्चमा समावेश हुनेगरी खर्च गर्ने ५, (माइकिंग) लगायत ,
- यस पालिका भित्रका नागरीकहरु घर आउदै गर्दा तथा कोभिड १९ रोकथाम तथा नियन्त्रणको समय जिल्ला बाहिर अलपत्र परेकाहरको उद्धार गर्नका लागि,
- दैनिक ज्याला मजदुरी गरीखाने मजदुरहरुको एकदमै नाजुक र भोकै मर्ने अवस्था आएमा खाद्यान्न आपूर्ति ( दाल,चामल, तेल नुन लागायत) तथा उपलब्ध गराउने सवालमा ,
- कोरोना भाईरसको सम्भावित महामारीको जोखिमलाइ रोकथाम तथा नियन्त्रणका लागी अन्य अत्यावश्यक प्रयोजनका लागि ।

➤ पुनश्च माथिका उल्लेखित खर्च शिर्षकहरु निर्णयभई लागु भएको मानिने छ । उक्त निर्णयहरु आवश्यक्ताका आधारमा अनिवार्य कार्यान्वयनमा लागु भएको हुने छ ।

४ कोरोना भाईरसको सम्भावित महामारीको जोखिमलाई ध्यान दिँदै यस गाउँपालिकामा कोरोनो भाइरस रोकथाम तथा नियन्त्रणकालागि **कोरोनो भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि स्थापना गरीएको विपद व्यवस्थापन कोष (२०७६) मा** यस पालिका तथा वडा कार्यलयमा कार्यरत स्थायी तथा करार सम्पूर्ण कर्मचारी, यस पालिका अर्न्तगत सम्पूर्ण स्वास्थ्य संस्थामा कार्यरत स्थायी तथा करार स्वास्थ्यकर्मी , यस पीलका भित्र कार्यरत सम्पूर्ण स्थायी तथा करार ( राहत शिक्षक समेत) शिक्षकहरुको तह र श्रेणीअनुसार ७ दिन ५ दिन र ३ दिन ( उपसचिव, अधिकृत नासु र खरिदार) कायम हुनेगरी सो बरावर हुनआउने रकम उक्तकोषमा नियमअनुसार अनिवार्य जम्मा गरी सहयोग गर्न अनुरोध गर्ने र सो निर्णय यस कार्यलयको लेखाशाखाले कार्यान्वयन गरी तलब भत्ता निकासा गर्ने निर्णय गरियो ।

५.कोरोना भाईरसको सम्भावित महामारीको जोखिमलाई ध्यान दिँदै यस गाउँपालिका, अन्तर्गतका सम्पूर्ण वडा कार्यलहरुमा **वडा स्तरीय कार्यन्वयन तथा अनुगमण समितिको** बैठक बोलाई प्रत्येक वडाका टोल र वस्तिमा सदस्यहरु समेतलाई जिम्मेवारी तोकि छिमेकिमुलुक धारत तथा अन्य देश बाट आउने व्यक्तिहरुको लागत संकलन र लकडाउनलाई प्रभावकारी कार्यान्वयनमा समेत प्रत्यके

दिन खट्ने र सो को जानकारी अनिवार्य पालिकाको कार्यलय तथा इलाका प्रहरी कार्यालय तथा स्वास्थ्य शाखामा नियमित जानकारी गराउने निर्णय गरीयो ।

६. कोरोना भाईरसको सम्भावित महामारीको जोखिमलाई रोकथाम तथा नियन्त्रणका लागि यस पालिकाको कार्यालय वडा कार्यालयमा २४ घण्टा समन्वय र सम्पर्कका लागि गाउपालिका कार्यालयमा निमित्त प्रमुख प्रशासकिय अधकृतको संयोजकत्वमा, सुरक्षा निकाया, स्वास्थ्य संयोजक र अन्य २ जना कर्मचारी वडाक कार्यालयका हकमा वडा अध्यक्षको संयोजक्त्वमा वडा सचिव सहित रहने गरी ३ सदस्य तथा तपसिलका व्यक्तिहरु अनिवार्य सर्म्पक बस्नका लागि व्यवस्था गर्ने निर्णय गरीयो ।

७. कोरोना भाईरसको सम्भावित महामारीको जोखिमलाई रोकथाम तथा नियन्त्रणका लागि पालिका स्तरीय तपसिल अनुसारको अनुगमण समिति गठन गर्ने सो समितिले प्रभावकारी रुपमा लकडाउनलाई प्रभावकारी रुपमा कार्यान्वयन भएनभएको र नागरिकहरको जीवनस्तरका सवालमा अनुगमण गर्ने र सो सम्बन्धमा आवश्यक निर्णय गर्न सक्ने निर्णय जानकारी गरीयो ।

- महेन्द्र बहादुर शाह — अध्यक्ष गाउपालिका
- ओमा शाही — उपाध्यक्ष
- डम्मबर बहादुर सिंह — प्रदेश कमिटि सदस्य, नेकपा
- भूमिलाल रोकाया — सचिव नेपाली काँग्रेस
- हरीबहादुर थापा — अध्यक्ष, नेकपा बारेकोट
- भिमबहादुर सिंह — सभापती नेपाली काँग्रेस बारेकोट
- गोरखबहादुर सिंह — प्र.अ. मा.बि लिम्सा.
- हेरम्ब पाण्डे — प्रहरी निरिक्षक रामिडिँडा
- बिरराज सिंह — संयोजक , स्वास्थ्य शाखा, बारेकोट
- द्वारीका प्रसाद बुदा — वडा अध्यक्ष वडा नं १
- सिर्जना वस्नेत — वडा अध्यक्ष वडा नं ४
- वसन्त शाहि — वडा अध्यक्ष वडा नं ७
- शरिाम गौतम — वडा अध्यक्ष वडा नं ९
- तिले महतारा — वडा अध्यक्ष वडा नं ६

८. कोरोना भाईरसको सम्भावित महामारीको जोखिमलाई रोकथाम तथा नियन्त्रणका लागि लकडाउनलाई पूर्णरुपमा कार्यान्वयन गर्दा दैनि ज्याला मजदुरी गरी जिविकापार्जन गर्ने नागरिकका हकमा सम्बन्धित वडा कार्यालयबाट यथार्त तथ्यांक संकलन गरी ५ दिन भित्र पालिकाको कार्यालयमा पेश गर्ने र उक्त वर्ग तथा समूदायका लागि बिशेष राहत प्याकेज केन्द्र र प्रदेश सरका संग दोहारो नपर्ने गरी ल्याउन सक्ने निर्णय गरीयो स

९.कोरोना भाईरसको सम्भावित महामारीको जोखिमलाई रोकथाम तथा नियन्त्रणका लागि लकडाउनलाई पूर्णरुपमा कार्यान्वयन गर्दा दैनि ज्याला मजदुरी गरी जिविकापार्जन गर्ने नागरिकका

९.कोरोना भाईरसको सम्भावित महामारीको जोखिमलाई रोकथाम तथा नियन्त्रणका लागि लकडाउनलाई पूर्णरुपमा कार्यान्वयन गर्दा दैनि ज्याला मजदुरी गरी जिविकापार्जन गर्ने नागरिकका तथा आम नागरीकलाई दैनिक जिविकोपार्जनमा खाद्या सामाग्रि दाल, चमल, तेल, नुन लगायत अत्याआवश्यक सामाग्रिको अभाव हुन नदिने पालिका भित्रका उद्योगी व्यापारीहरुलाई खाद्यान्ना आपूर्तिमा सहयोग र समन्वय आवश्यकता अनुसार आयत गर्न सक्ने व्यवस्थ गर्ने सोका लागि समबन्धित वडाअध्यक्षहरु समेतले अग्रसरता लिने निर्णय गरीयो ।

१०. संघीय सरकारका निर्णयहरु , सम्मानन्नीय प्रधानमन्त्रीज्यूले मिति २०७६।१२।०७ गते राष्ट्रका नाममा गर्नुभएको सम्बोधन, कोभिड १९ संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६। १२।०५ को १८ बुदे निर्णय तथा कर्णाली प्रदेश पिद व्यवस्थापन परिषद र कर्णाली प्रदेश कार्यकारी समितिको मिति २०७६।१२।०७ को संयूक्त बैठकका साथै कोभिड १९ को संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीया अनुगमण समितिको मिति २०७६।१२।०९को बैठकका निर्णयहरु तथा नेपाल सरकार तथा प्रदेश सरकारले हाल सम्म विभिन्न समययमा भइका सम्पूर्ण निर्णहरु प्रभावकारी कार्यान्वय गर्ने निर्णय गरीयो ।